# स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ उपर टिप्पणी तथा सुझावहरु

*(मिति २०७४ श्रावण १९ गते व्यवस्थापिका संसदको विकास समिति समक्ष प्रस्तुत गरिएको)*


प्रस्तुतकर्ता

**जुरी–नेपाल**

(न्याय तथा अधिकार संस्था -नेपाल)

ललितपुर

JuRI-Nepal
न्याय तथा अधिकार संस्था-नेपाल
Justice and Rights Institute–Nepal
Serving Differently / फरक तरिकाले सेवारत

Ref no: 12 2074/075

मिति : २०७४ श्रावण १९

माननीय रविन्द्र अधिकारीज्यू,
सभापती, विकास समिति, व्यवस्थापिका संसद ।
सिंहदरवार, काठमाण्डौ ।

JuRI Nepal Justice and Rights Institute Serving Differently 2011 फरक तरिकाले सेवारत न्याय तथा अधिकार संस्था

**विषय : " स्थानिय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३" का सम्वन्धमा टिप्पणी तथा सुझाव प्रस्तुत गरिएको बारे ।**

महोदय,

न्याय तथा अधिकार संस्था- नेपाल (जुरी–नेपाल) मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्दै सामाजिक न्याय, कानुनी राज र सुशासनमा आधारित नेपाली समाजको स्थापनार्थ फरक तरिकाले सेवारत रहने मूल ध्येयका साथ क्रियाशील रहँदै आएको एक गैरसरकारी, गैरराजनीतिक एवं गैरनाफामूलक सामाजिक संस्था हो ।

जुरी–नेपालले स्थापना कालदेखि नै द्वन्द्वको कारकतत्वको रुपमा रहेको आर्थिक, सामाजिक, सांस्कृतिक एवं विकासको अधिकारबाट वञ्चिति एवं समाजमा जकेडिएर रहेको भेदाभाव र वहिश्करणविरुद्ध संवैधानिक एवं कानुनी संरक्षणलाई सुदृढ पार्ने उद्देश्यकासाथ अध्ययन, अनुसन्धान, रचनात्मक संवाद तथा वकालतका गतिविधिहरु सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा द्वन्द्वको कारकतत्वलाई सम्वोधन गरी देशमा दिगो शान्ति एवं सम्वृद्धिका लागि यथोचित कानुनी आधार सृजना गर्ने सन्दर्भमा स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा निर्माण हुने कानुनले महत्वपूर्ण भूमिका रहनेछ भन्ने जुरी-नेपालको धारणा रहेको छ ।

तसर्थ, स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ को गाम्भिर्यता तथा महत्वलाई दृष्टिगत गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, सामाजिक न्याय र समावेशीसमेतको आधारमा समिक्षा गरी जुरी-नपालले आफ्ना टिप्पणी तथा सुझावहरु प्रस्तुत गरेको छ । विधेयकलाई परिमार्जन तथा संशोधनगरी मानवअधिकार मैत्री एवं सामाजिक न्यायमुखी बनाउनेतर्फ सदन भित्र र वाहिरका प्रयासहरुमा यि टिप्पणि तथा सुझावहरु उपयोगी हुनेछन् भन्नेमा जुरी-नेपाल विश्वस्त छ ।

जुरी-नेपालको तर्फबाट तयार गरिएका टिप्पणि तथा सुझावहरु यसै पत्रसाथ संलग्न राखिएको छ ।

भवदीय,

............................

अधिवक्ता राजुप्रसाद चापागाईं
अध्यक्ष ।

व्यवस्थापिका-संसद विकास समिति २०७०

२०७४।४।१९

## १. सन्दर्भ तथा पृष्ठभूमिः

जनताले आफै निर्वाचित गरेको संविधानसभाबाट संविधान निर्माण भै २०७२ असोज २ गतेदेखि लागु भएको छ, जसको माध्यमवाट नेपाल राज्य संघीय, समावेशी, लोकतान्त्रिक तथा गणतन्त्रात्मक स्वरुपमा रुपान्तरित भएको छ । दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय लोकतान्त्रिक शासन व्यवस्था अवलम्बन गरिएको तथ्य संविधानको प्रस्तावनामा प्रतिविम्वित छ । त्यसैगरी धारा ५० मा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमबाट लोकतान्त्रिक अधिकारको स्थानीय स्तरमा उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्ने कुरालाई राज्यको उद्देश्यमा समेटिएको छ ।

संघीय नेपालका केन्द्र, प्रदेश र स्थानीय तह गरी तीन तहले राज्य शक्तिको प्रयोग संविधान तथा कानुनमा निर्धारण गरेबमोजिम गर्छन । तीन तह बाहेक पनि केही वर्ग तथा समुदायको सामाजिक, सांस्कृतिक संरक्षण र विकासकालागि संघीय कानुन बनाएर "संरक्षित वा स्वायत्त" क्षेत्र कायम गर्न सकिने व्यवस्था छ । संघीय नेपालमा सातवटा प्रदेश रहने व्यवस्था धारा ५६ ले गरेको छ भने प्रदेशको नामाकरण प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट राख्ने व्यवस्था छ । संघीय प्रणाली कानुनी शासन तथा मानवअधिकारका सिद्धान्तवाट निर्देशित हुने स्पष्ट व्यवस्था संवीधानमा छ । संघ, प्रदेश र स्थानीय तहले मानव अधिकार तथा मौलिक हक एवं समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने संवैधनिक दायित्व तोकेबाट मानवअधिकारको वन्धनकारिता सबै तह तथा संरचनाको हकमा लागु हुने स्पष्ट छ ।

संविधानको धारा ५७ मा तहगत सरकारकावीच राज्यशक्तिको वाँडफाँडको व्यवस्था छ । संविधानद्वारा तोकिएका विषयहरुसम्बन्धी आवश्यक कानुन बनाएर अरुको हस्तक्षेपविना कार्य सम्पादन गर्न संघीय सरकार, ७ वटा प्रादेशिक सरकार र ७४४ वटा स्थानीय तह स्वतन्त्र र स्वायत्त छन् । संविधानले संघको अधिकार अनसूची-५, प्रदेशको अधिकारका विषय अनुसूची ६, संघ र प्रदेशको साझा अधिकार अनुसुचि ७, स्थानीय तहको अधिकारका विषयहरु अनुसुचि ८, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा अनुसुचि ९मा सूचीकृत गरेको छ । धारा ५९ अन्तर्गत आफ्नो अधिकारक्षेत्रभित्र रही संघ, प्रदेश र स्थानीय तहले आर्थिक अधिकारको उपभोग गर्न आवश्यक कानून बनाउने व्यवस्था छ भने संघ, प्रदेश र स्थानीय तहकावीच राजस्व स्रोतको बाँडफाँड सम्बन्धमा धारा ६० मा गरिएको छ । संविधानले धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

***उपरोक्त बमोजिम संविधानमा प्रवन्ध गरिएको संघीय प्रणाली अन्तर्गत सृजित स्थानीय सरकारमार्फत स्थानीय तहमा शासन सञ्चालन गर्नको लागि आवश्यक छाता कानुनको खाँचो पूर्ति गर्नका लागि नेपाल सरकारले स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ तर्जुमा गरि संसदमा प्रस्तुत गरेको छ । उक्त विधेयकलाई मानवअधिकार, सामाजिक न्याय, समावेशी तथा संघीयताको मर्म र भावना वमोजिम समिक्षा गरी जुरी-नपालले टिप्पणि तथा सुझाव प्रस्तुत गरेको छ । प्रस्तुत टिप्पणी तथा सुझावहरु उक्त विधेयकलाई परिमार्जन गरी मानवअधिकार तथा सामाजिक न्यायमूखी वनाउने सन्दर्भमा उपयोगी हुनेछन भन्ने जुरी-नेपालले आशा लिएको छ ।***

## २. टिप्पणि तथा सुझाव

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| १. | दफा ३(२) | विधेयकले गाउँपालिका र नगरपालिकाको सिमाना हेरफेर गर्दा जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा समुदायिक वनौटलाई आधार मान्ने गरी व्यवस्था गरिएको छ । *यसमा "सामाजिक तथा सामुदायिक सौहार्दता" तथा "विपन्न तथा सिमान्तिकृत तथा जोखिममा रहेका जनतामा पर्ने आर्थिक, सामाजिक प्रभाव" समेतलाई आधार मान्नु पर्ने गरी संशोधन गर्ने ।* | ***हेरफेरका कारणले सामाजिक तथा सामुदायिक सदभाव बिग्रने तथा कुनै समुह तथा जनसमुदायलाई आर्थिक एवं सामाजिक रुपमा प्रतिकुल प्रभाव पर्ने स्थिति आउन नदिन आवश्यक भएकाले ।*** |
| २. | दफा ४(५) | निर्वाचन भएको मितिले ६ महिना भित्र सम्बन्धित सभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतवाट प्रस्ताव पारित गरी एकपटकको लागि गाउँपालिका र नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्न सकिने व्यवस्था विधेयकमा गरिएको छ । *यसमा संशोधन गरी सभाको कम्तिमा दुईतिहाई बहुमतवाट नाम वा केन्द्र हेरफेर गर्ने व्यवस्था गर्ने ।* | ***नाम वा केन्द्रको हेरफेर गर्ने कार्यले बढिभन्दा बढि वैधता प्राप्त गरोस र कुनै द्वन्द्वको अबस्था सृजना नहोस भन्ने कुरा सुनिश्चित गर्न आवश्यक भएकोले ।*** |
| ३. | दफा ७(१) | यस दफामा नगरपालिका र गाउँपालिकाको सभाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतवाट प्रस्ताव पारित गरी एक आपसमा गाभिन सक्ने व्यवस्था गरेको छ । यसलाई संशोधन गरी *सभाको कम्तिमा दुईतिहाई वहुमतवाट मात्रै एकआपसमा गाभिने प्रस्ताव पारित गर्न सक्ने गरी व्यवस्था गरिनु उपयूक्त हुन्छ ।* | ***एकआपसमा गाभिने जस्तो महत्वपूर्ण निर्णयको वढिभन्दावढि वैधता सुनिश्चित होस र गाभिन चाहने र नचाहने जनसमुदायका विचमा द्वन्द्वको अवस्था सृजना नहोस भन्ने कुरा सुनिश्चित गर्न आवश्यक भएकाले ।*** |
| ४. | दफा ८(१) (क) (ख) (ग) | यस दफामा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका घोषणा गर्न सकिने आधारहरु सुचिकृत गरिएको छ । त्यस्तो सुचिमा उल्लेखित कुराहरुको अतिरिक्त *निम्न कुरालाई पनि आधार मान्ने गरी संशोधन गर्नु उचित हुन्छः-*<br>❖ *परित्यक्त तथा वेसहारा व्यक्ति तथा नागरिकहरुको पालनपोषण गर्ने प्रबन्ध भएको ।*<br>❖ *मानवीय तथा सामाजिक विकासमा मनासिव प्रगति हाँसिल गरेको ।*<br>❖ *खाद्य असुरक्षाको अवस्था आउन नदिन खाद्य सञ्चितिको प्रबन्ध रहेको ।*<br>❖ *हिंसापीडित महिला, वालवालिका तथा अपांगता भएका* | ***सामाजिक संरक्षण तथा सामाजिक न्यायको विषयलाई पनि नगरपालिका घोषणाको आधार वनाउन आवश्यक भएकोले ।*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| | | *व्यक्तिलाई पुनर्स्थापना तथा सामाजिक संरक्षणको प्रवन्ध भएको ।* | |
| ५. | दफा ९ | यस दफाले ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न उपयूक्त देखेमा त्यसको लागि मापदण्ड तोकि कुनै गाउँपालिका वा नगरपालिका वा सोको कुनै क्षेत्रलाई प्रदेश सरकारले सांस्कृतिक वा पर्यटकिय क्षेत्र घोषणा गर्ने व्यवस्था गरेको छ । *यस दफालाई संशोधन गरी सांस्कृतिक वा पर्यटकिय क्षेत्र घोषणा सम्बन्धि उक्त मापदण्डले त्यस्तो क्षेत्रका जनताले प्राप्त गर्ने समन्यायिक लाभ, यस्तो घोषणाले पार्नसक्ने प्रभाव तथा त्यस्तो क्षेत्रको विकास, संरक्षण तथा व्यवस्थापनमा सहभागिताको ढाँचा लगायतका विषयलाई समेटनु पर्ने व्यवस्था गर्ने ।* | ***आर्थिक, सामाजिक लाभको वितरण लगायतका मापदण्डले समेट्नु पर्ने केही महत्वपूर्ण पक्षलाई ऐनले नै मार्गनिर्देशित गर्नु वान्छनिय हुने भएकाले ।*** |
| ६. | दफा ११ (२)(क) | यस दफामा गरिएको नगर प्रहरीको काम कर्तव्य र अधिकार अन्तर्गत देहायका कुरालाई समेत समेट्नेगरी संशोधन गर्नु उपयूक्त हुन्छः-<br>❖ लैंगिक तथा जातिय आधारमा हुने हिंसा तथा सामाजिक विभेद, श्रम शोषण लगायतको अनुगमन तथा निगरानी गर्ने ।<br>❖ त्यस्ता घटनाहरुको वारेमा सूचना संकलन गरी नेपाल प्रहरीलाई उपलव्ध गराउने । | ***नगरप्रहरीको भूमिकालाई जनमुखी बनाउन तथा समाजमा विद्यमान भेदभावजन्य समस्याहरुको संवोधन गर्नेतर्फ केन्द्रित गर्न आवश्यक भएकाले ।*** |
| ७. | दफा ११ (२)(ख) | सहकारी संस्था सञ्चालन सम्बन्धि काम कर्तव्य अन्तर्गत त्यस्ता *"सहकारी संस्था सञ्चालनको अनुगमन गर्ने"* तथा सहकारी संस्थामा *"विपन्न, सिमान्तिकृत समुदायको सार्थक सहभागिताका लागि सहजिकरण गर्ने"* विषयलाई समेट्न उपयूक्त हुने । | ***सहकारितालाई गरिबमुखी वनाउन वान्छनिय भएकाले ।*** |
| ८. | दफा ११(२)(छ) | विकास आयोजना तथा परियोजना सबन्धि काम कर्तव्य र अधिकार अन्तर्गत त्यस्ता *विकास आयोजनाको छनौट तथा कार्यान्वयनमा स्थानीय तथा विपन्न एवं सिमान्तिकृत समुदायको सार्थक सहभागिता, आयोजना तथा परियोजनाको लाभको समन्यायिक वितरण, परियोजनाको आर्थिक सामाजिक प्रभाव मुल्यांकन, परियोजना तथा आयोजनाको नकारात्मक असर न्यूनिकरण* लगायतका विषयलाई समेट्ने । | ***विकास आयोजना तथा परियोजनाको सामाजिक वैधता सुनिश्चित गरी जनमुखि वनाउन आवश्यक भएकाले ।*** |
| ९. | दफा ११ (२)(ज) | आधारभूत र माध्यामिक शिक्षा सम्बन्धि कार्यक्रम अन्तर्गत आधारभूत तहसम्म *अनिवार्य शिक्षाको कार्यक्रम कार्यान्वयन, समावेशी तथा लैंगिक र जातिय भेदभाव* | ***स्थानीय तहको सकारात्मक हस्तक्षेप विना अनिवार्य शिक्षा तथा समावेशी शिक्षाको मौलिक हक*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| | | *रहित शिक्षाको प्रवर्द्धन* लगायतका विषयलाई प्रवर्द्धन गर्ने । | ***कार्यान्वियनलाई प्रभावकारी वनाउन नसकिने भएकाले ।*** |
| १०. | **दफा ११ (२)(झ)** | आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धि काम, कर्तव्य र अधिकारअन्तर्गत स्वास्थ्य सेवामा *मानोसामाजिक परामर्श सेवाको मूलप्रवाहिकरण, विस्तार तथा सञ्चालन* एवं *परम्परागत तथा वैकल्पिक उपचार पद्धतीहरुको सम्वर्द्धन तथा लाभदायि उपयोग, स्वास्थ्य सम्बन्धि सूचनाको प्रचारप्रसार* लगायतका विषयलाई थप गर्नु उपयूक्त हुने । | ***मनोसामाजिक स्वास्थ्यलाई स्थानीय सरकारको स्वास्थ्य सम्बन्धि कार्यक्रममा मुलप्रवाहितकृत गर्न वान्छनिय भएकाले ।*** |
| ११. | **दफा ११(२)(ञ)** | “स्थानीय वजार व्यवस्थापन, वातवारण संरक्षण तथा जैविक विविधता” सम्बन्धि काम, कर्तव्य र अधिकार अन्तर्गत *स्थानीय उत्पादनकालागी बजार प्रवर्द्धन, स्थानीय जडिवुटिका प्रजातीहरुको अभिलेखन, संकलन तथा प्रशोधन, जलवायू परिवर्तनवारेको जनचेतना, जलवायू परिवर्तनको प्रभाव न्यूनिकरणका उपायहरुको प्रवर्द्धन* लगायतका विषयहरु समाविष्ट गरिनुपर्ने । | ***स्थानीय बजार व्यवस्थापन, वातवारण संरक्षण तथा जैविक विविधताका सन्दर्भमा रहेका विद्यमान समस्याहरुको समाधानमा स्थानीय तहको भूमिका लाई प्रष्टाउन आवश्यक भएकाले ।*** |
| १२. | **दफा ११ (२)(ण)** | कृषि विकासका सम्बन्धमा नगरपालिका तथा गाँउपालिकाले निम्न उपायहरू समेतको अवलम्वन गर्ने गरी विधेयकमा व्यवस्था गर्नु उपयूक्त हुनेः-<br>• *किसानलाई मलबीउ तथा कृषि सामाग्रीमा अनुदान ।*<br>• *कृषिवाली विमा तथा पशुपंक्षि विमामा किसानहरुको पहुँच विस्तार ।*<br>• *कृषि तथा पशुपालनका लागि सहुलियतपूर्ण कर्जा तथा लघुवित्त कार्यक्रम सञ्चालन ।*<br>• *संकलन केन्द्र तथा चिस्यान केन्द्रहरुको स्थापना र सञ्चालनलाई सहजिकरण तथा प्रोत्साहन ।*<br>• *किसानको सहभागितामा कृषि उपजको मूल्य निर्धारण हुने परिपाटिको विकास ।*<br>• *जैविक खेतीको प्रवर्द्धन ।*<br>• *कवुलियति खेती, करार खेती, गैरहाँजिरी तथा वाँझो रहेको उत्पादनशिल भूमिको अधिकतम उपयोग ।*<br>• *सहुलियतपूर्ण कृषि ऋणको सुविधा विस्तार ।*<br>• *उन्नत प्रविधि, वातावरणमैत्री मल, बीउका प्रकारहरू, जैविक कीटनाशक औषधि तथा कृषि सामग्रीको दिगो प्रयोग तथा पहुँच विस्तार ।*<br>• *अतिवृष्टि, अनावृष्टि तथा खडेरी लगायत मौसमको वारेमा पूर्व सचेतना दिलाउने प्रणालीको विकास गर्ने ।*<br>• *महिला किसान, भूमिहिन तथा साना किसानलाई कृषि* | ***स्थानीय तहको सार्थक भूमिका बढाएर कृषि क्षत्रको विकास तथा खाद्य अधिकारको व्यवहारिक कार्यान्वियन सुनिश्चित गर्नु वान्छनिय भएकाले ।*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| | | *पेशामा प्रोत्साहन ।* | |
| १३. | दफा ११ (२)(ध) | खानेपानी सम्बन्धि स्थानीय तहको कामकर्तव्य र अधिकार अन्तर्गत गरिबीको रेखामुनिका परिवारलाई *विनाशुल्क खानेपानी*मा पहुँच उपलव्ध गराउने विषय थप गर्ने । | ***खानेपानीमा पहुँच पाउने मौलिक हकलाई सम्मान गर्नु आवश्यक भएकाले ।*** |
| १४. | दफा ११ (२)(न) | विपद् व्यवस्थापन सम्बन्धि काम कर्तव्य र अधिकारअन्तर्गत विपदको *पूर्वचेतावनी प्रणालीको स्थापना* तथा सञ्चालन एवं *विपद् सम्बन्धी अध्ययन अनुसन्धान*को विषयलाई पनि समाविष्ट गर्ने । विपद्को समयमा सामुहिक रुपमा उपयोग गर्नपाउनेगरी *खुल्ला क्षेत्र* को व्यबस्था गर्ने । | ***विपद व्यवस्थापनका सवै अवयवमा स्थानीय तहको भूमिका अभिवृद्धि गराउनु वान्छनिय भएकाले र सामूहिक रुपमा विपद् विरुद्ध सामना गर्न आवश्यक भएकोले ।*** |
| १५. | दफा *११ (४)(च)* | गरिबी निवारण सम्बन्धि काम कर्तव्य र अधिकार अन्तर्गत *गरिबी निवारणतर्फ लक्षित कार्यक्र*मको स्थानीय स्तरमा तर्जूमा तथा सञ्चालन एवं गरिबीको रेखामुनि रहेका परिवारहरुलाई *आयआर्जन तथा रोजगारीका अवसर* सृजनाको विषय पनि समाविष्ट गर्ने । | ***गरिबी निवारणको सन्दर्भमा स्थानीय निकायले सारभूत भूमिका रहने गरी प्रवन्ध गर्नु वान्छनिय हुने भएकाले ।*** |
| १६. | दफा २९ | दफा २९मा स्थानीय सडकको मापदण्ड तोक्ने, राष्ट्रिय तथा प्रदेश स्तरको सडकको मापदण्ड पालना गराउने एवं सडकको अधिकारक्षेत्र भित्र बनेका संरचना जुनसुकै बखत हटाउन वा भत्काउन आदेश दिन सक्ने व्यवस्था प्रस्ताव गरेको छ । त्यसैगरी सडकको अधिकारक्षेत्र परिवर्तन गर्दा मर्का पर्नेलाई क्षतिपूर्ति दिने व्यवस्था पनि प्रस्तावित छ । तर त्यस्तो *क्षतिपूर्ति पर्याप्त तथा उचित हुनु पर्ने* एवं उठिवास लाउनु अगाडी सुचित गर्ने लगायत उचित प्रक्रिया अपनाउनुपर्ने व्यवस्था गरिएको देखिँदैन । तसर्थ यसमा संशोधन गरी पूर्व सूचना सहितको उचित प्रकृयाको अवलम्वन गरि *जवर्जस्ति विस्थापनवाट संरक्षण* तथा पर्याप्त क्षतिपूर्ति दिनुपर्ने गरी व्यवस्था गर्नु आवश्यक देखिन्छ । | ***उचित प्रकृया विना जर्वजस्ती विस्थापन गर्ने कार्य संविधान एवं अन्तराष्ट्रिय मानवअधिकार कानुनको वर्खिलाप हुने भएकाले ।*** |
| १७. | दफा २३ (३) | गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा विधेयकमा उल्लेख गरेका कुराको अतिरिक्त *पोषण तथा खाद्य सुरक्षा, सामाजिक सुरक्षा तथा संरक्षण, खाद्य सम्प्रभुता, रोजगारी प्रवर्द्धन* लगायतका विषयहरुलाई पनि ध्यान दिनुपर्ने गरी व्यवस्था गर्नु उचित हुने । | ***खाद्य सुक्षा तथा सामाजिक सुरक्षा एवं रोजगारी लगायतका मौलिक हकलाई प्रभाव दिनुपर्ने भएकाले ।*** |
| १८. | दफा २३ (५) | योजना तर्जूमा तथा कार्यान्वयनमा अधिकतम सहभागिता गराइनुपर्नेगरी विधेयकले प्रस्तावित गरेको सरोकारवालाहरुको सुचिमा संशोधन गरी *कृषि समुह, श्रमिक तथा मजदुर संगठन, नागरिक समाज तथा समुदायमा आधारित संघसंस्थाहरुलाई पनि समावेश गर्ने।* | ***सम्बन्धित सवै सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन गर्ने प्रवन्ध गर्नु वाञ्छनिय हुने भएकाले ।*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| १९. | दफा २३(१०) | विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्यांकनको कार्य गर्न सक्ने गरी व्यवस्था गरिएको छ । यसलाई *तजविज भन्दा पनि अनिवार्य दायित्व*को रुपमा व्यवस्था गर्दा विकास आयोजनालाई बढि यथार्थपरक बनाउन सकिने देखिन्छ । | ***अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्यांकनको जिम्मेवारीलाई तजविजि बनाउँदा प्रभावकारी नहुने भएकाले ।*** |
| २०. | **दफा २४ (१) को प्रतिवन्धात्मक वाक्यांश** | कुनैपनि अन्तराष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय तहसँगको समन्वयमा काम गर्न त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्विकृति लिनुपर्ने व्यवस्था गरिएको देखिन्छ । *नेपालमा कार्यसञ्चालन गर्नका लागी नेपाल सरकारवाट अनुमति पाई कामकारवाही गर्दै आएको अन्तराष्ट्रिय गैरसरकारी संस्थाको हकमा यो व्यवस्था लागु नहुने गरी व्यवस्था गर्नु व्यवहारिक हुने देखिन्छ ।* | ***सरकारवाट स्विकृति पाई कार्यसञ्चालन गर्दै आएका संस्थाहरुको सन्दर्भमा फरक दृष्टिकोण अपनाउनु उपयूक्त हुने भएकाले ।*** |
| २१. | दफा २४ (३) | समन्वयमा काम गर्नुपर्ने दायित्व विपरित कुनै संघसंस्थाले काम गरेमा स्थानीय तहले त्यस्तो संस्थाका कामकारवाही कार्यान्वयन गर्न रोक लगाउन सक्ने अधिकार दिएको छ । *समन्वयको दायित्वको परिपालना नगरेकै कारणले एकैचोटी संस्थाले कामकारवाही गर्न वन्देज लगाउनु भन्दा त्यस्तो संस्थालाई सचेत गराउने एवं निश्चित समय दिएर समन्वयको प्रकृया पुरा गर्न लगाउन उपयूक्त हुने देखिन्छ ।* | ***नागरिक संस्थाप्रति अवान्छित रुपमा नियन्त्रणात्मक हुनु संविधान तथा अन्तराष्ट्रिय मानवअधिकार मापदण्ड प्रतिकुल हुने भएकाले ।*** |
| २२. | दफा २५ | गाउँपालिका तथा नगरपालिकाले अरु गाउँपालिका तथा नगरपालिका विभिन्न विषयमा आपसी सम्झौता तथा साझेदारी गरी विकास निर्माणको कार्य गर्न सक्ने व्यवस्था गरिएको उचित छ । *त्यस्तो आपसी साझेदारीमा कार्य गर्न सक्ने विषयवस्तुको सुचिमा "शैक्षिक तथा स्वास्थ्य सेवाको विस्तार, गरिबी निवारण तथा सामाजिक संरक्षण कार्यक्रमको सञ्चालन"लाई पनि समावेश गर्नु महत्वपूर्ण हुन्छ ।* | ***सामाजिक, आर्थिक विकासका सवै क्षेत्रमा आपसी साझेदारीमा गाउँपालिका तथा नगरपालिकाहरुले कार्य गर्न सक्ने व्यवस्था गर्नु वान्छनिय हुने भएकाले ।*** |
| २३. | दफा ३१ | दफा ३१ ले स्थानीय न्यायिक समितिको क्षत्राधिकार अन्तर्गत स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत तोकिएका स्थानीय निकायका न्यायिक अधिकारलाई नै मुलतः समेटेको पाईन्छ । पारिवारिक तथा समुदाय स्तरमा जनताले भोग्ने गरेका विभेद, वहिष्करण एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित विषयहरुलाई समेटेर यसलाई व्यवहारोपयोगी बनाउन सकेको पाईदैन । तसर्थ यसलाई संशोधन गरी प्रचलित कानुनले मेलमिलाप गराउन बन्देज लगाएका फौजदारी कसुर हुने विषयहरु बाहेक देवानी प्रकृतिका भेदभाव तथा | ***न्यायिक समितिको विवाद निरुपण सम्बन्धि क्षेत्राधिकारलाई जनमुखि बनाउन आवश्यक भएकाले ।*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
| --- | --- | --- | --- |
| | | बञ्चिति एवं कानुनले न्याययोग्य हुने आर्थिक, सामाजिक तथा सांस्कृतिक विषयहरु *(शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षण, उपभोक्ता हकहित, प्राकृतिक श्रोतमा पहुँच, फोहोर मैला व्यवस्थापन, वातावरणिय स्वच्छता, विपद व्यवस्थपन आदी)* को निरुपणका लागि स्थानीय न्यायिक समितिमा पीडित पक्षले निवेदन दिन सक्ने तथा न्यायिक समितिले त्यस्ता विषयमा दुवै पक्षलाई वुझि मेलमिलापको लागि पहल गर्ने व्यवस्था गरिनु उचित हुने देखिन्छ । | |
| २४. | दफा ३१ | **क्षेत्राधिकारको थप व्यवस्थाः**<br>विवाद निरुपणको अधिकारको अतिरिक्त निरोधात्मक, प्रवर्द्धनात्मक, सयोजनात्मक तथा सहजिकरणात्मक प्रकृतिका निम्न विषयहरुमा पनि न्यायिक समितिको जिम्मेवारी तथा भूमिका रहने गरी कानुनी व्यवस्था गर्नु उचिति हुन्छः-<br>*(क) स्थानीय स्तरमा न्यायिक सचेतना फैलाउने कार्यक्रमहरु कार्यान्वयनका लागि पहल गर्ने त्यस्ता कार्यक्रमहरु अनुगमन तथा मुल्यांक्न गर्ने ।*<br>*स्थानीय स्तरमा हुने न्यायिक तथा कानुनी विषयमा गतिविधिहरुको रेखदेख तथा सहजिकरण गर्ने ।*<br>*(ख) कानुनी चेतना, न्यायमा पहुँच तथा मानवअधिकारका विषयमा स्थानीय सरकारले अवलम्वन गर्नुपर्ने नीति तथा कार्यक्रमहरु पहिचान गरी त्यसका लागि पहल गर्ने ।*<br>*(ग) जातीय तथा लैंगिक हिंसा लगायत अपराधका पीडितको उद्धार गर्ने एवं प्रभावकारी कानुनी उपचार तथा न्यायिक उपचार खोज्ने कार्यमा सहजिकरण गर्ने तथा पीडित एवं साक्षी संरक्षणकालागि स्थानीय सरकारले गर्नुपर्ने कामकारवाहीको समन्वय गर्ने ।*<br>*(घ) स्थानीय स्तरमा जनताको प्रत्यक्ष सरोकारका कानुनहरुको परिपालना भए नभएको, जनताले कानुनबमोजिम पाउनुपर्ने सेवा सुविधा पाए नपाएको सम्वन्धमा समय समयमा लेखाजोखा गरी प्रतिवेदन तयार गर्ने एवं संबन्धित निकायमा पेश गर्ने ।*<br>*(ङ) न्यायिक तथा अर्धन्यायिक निकायहरुवाट भएका निर्णय, आदेश तथा फैसला कार्यान्वयनको सहजता तथा प्रभावकारीता अभिवृद्धि गराउन स्थानीय स्तरमा पहल गर्ने तथा सहजिकृत गर्ने ।* | ***विवादको निरुपण वाहेक पनि न्यायमा पहुँच अभिवृद्धि, कानुनी शासन र मानवअधिकारको प्रवर्द्धनमा न्यायिक समितिको भूमिकालाई प्रभावकारी वनाउन वान्छनिय भएकाले ।*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| २५. | दफा ३३ (२) | यस प्रावधानले संभव भएसम्म मेलमिलाप गर्न प्रोत्साहान गरेर विवादको निरुपण गर्ने तथा त्यसो हुन नसकेमा कानुन वमोजिम विवादको किनारा गर्नु पर्ने गरी व्यवस्था गरेको छ । मेलमिलाप गराउने, आफैं छिनोफानो लगाउने वाहेक संवन्धित निकायमा कानुन वमोजिम निरुपण हुनुपर्ने देखेमा त्यस्तो निकायमा पठाउन सक्ने गरी स्पष्ट व्यवस्था गरिनु उपयूक्त हुन्छ । | ***सवन्धित निकाय समक्ष पठाउन सक्ने अधिकारको स्पष्ट उल्लेखन गर्न उपयोगी हुने भएकाले ।*** |
| २६. | दफा ३३ | दफा ३३ लाई संशोधन गरेर स्थानिय न्यायिक समितिमार्फत विवाद समाधान गराउनकालागि स*हयोग गर्नु सम्बन्धित सवैको कर्तव्य* हुने व्यवस्था गर्नु उपयूक्त हुन्छ । त्यसैगरी स्थानीय *न्यायिक समितिको कामकारवाहिमा वाधा विरोध गर्ने कार्य दण्डनिय हुने व्यवस्था* गरी सो सम्बन्धि विषयमा जिल्ला अदालतमा समितिको तर्फवाट मुद्दा दायर गर्न सक्ने गरी व्यवस्था गरिनुपर्ने । | ***स्थानीय न्यायिक समितिको मर्यादा, वैधता तथा प्रभावकारिता वढाउन वान्छनिय भएकाले ।*** |
| २७. | दफा ६३ | स्थानीय तहको हरहिसाबको लेखा परिक्षण मात्रै नभएर समग्र उपलव्धि, प्रभाव तथा कार्य प्रगतिको समिक्षा गर्ने गरी *सामाजिक तथा सार्वजनिक सम्परिक्षण* समेत गर्नुपर्ने व्यवस्था गर्ने । | ***स्थानीय तहको सामाजिक वैधता सुनिश्चित गर्नु आवश्यक भएकाले ।*** |
| २८. | दफा ७८ (१) (ख) | जिल्ला समन्वय समितिले जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको अनुगमन गर्ने र आवश्यक सुझाव तथा मार्गदर्शन दिने व्यवस्था गरेको देखिन्छ । त्यस्तो *अनुगमनको क्षेत्रभित्र विकासका कार्यक्रमहरुले सामाजिक तथा मानवीयक्षेत्रमा पारेको प्रभावसमेतको अनुगमन तथा मुल्यांकन गरी सुझाव तथा मार्गदर्शन दिने गरी संशोधन गर्नु उचित हुन्छ ।* | ***सामाजिक तथा मानवीय विकासका कार्यक्रमहरु अनुगमनका विषयबस्तु भित्र समट्न आवश्यक भएकाले ।*** |
| २९. | दफा ८२ | दफा ८२ मा नगरपालिका तथा गाउँपालिका क्षेत्र भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख गर्नुपर्ने दायित्व तोकेको छ । रेखदेख तथा संरक्षणका साथै त्यस्तो सम्पत्तिको दिगो तथा लाभदायि उपयोगको प्रवन्ध समेत मिलाउनु पर्ने दायित्व तोकेको देखिंदैन । *तसर्थ, संशोधन गरी दिगो तथा लाभदायि उपयोगको प्रावधान पनि समेटिनु उचित हुने देखिन्छ । साथै त्यस्तो सम्पत्तिको उपयोग गर्दा विपन्न, भूमिहिन, सिमान्तकृत तथा जोखिमपूर्ण अवस्थामा रहेका समुदाय तथा परिवारका लागि लाभदायि हुने कुरालाई प्राथमिकता दिनुपर्ने गरी मार्गनिर्देशित गर्नु उचित हुन्छ ।* | ***दिगो तथा लाभदायि उपयोगको सन्दर्भमा पनि मार्गनिर्देशित गर्न आवश्यक भएकाले ।*** |

| क्र.स. | प्रस्तावित व्यवस्था | संशोधन (थपघट /परिमार्जन)का लागि सुझाव | औचित्य र कारण |
|---|---|---|---|
| ३०. | दफा ८४ (२) (क) | नेपाल सरकारले विशेष क्षेत्र तोक्दा लिईनु पर्ने आधारहरु अन्तर्गत भौगोलिक रुपमा दुर्गम, गरिबीको रेखामुनी रहेको जनसंख्याको औषत उपस्थिति, आर्थिक र सामाजिक दृष्टिले पिछडिएको समुदायको बाहुल्यता लगायतका विषयलाई आधार लिन सक्ने व्यवस्था गरिएको छ । तथापी *प्राकृतिक प्रकोपको जोखिममा रहेको क्षेत्र, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक रुपले महत्वपूर्ण रहेको लगायतका आधारमा पनि विशेष क्षेत्र तोक्न सक्ने* गरी व्यवस्था गरिएको देखिदैन । यस दफालाई संशोधन गरी उल्लेखित आधारहरुलाई पनि थप गर्नु पर्ने । | ***प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक आधारमा पनि खास क्षत्रलाई विशेष क्षेत्रको रुपमा तोक्ने कानुनी आधार सृजना गर्नु उपयूक्त हुने भएकाले ।*** |
| ३१. | दफा ८५ | विशेष, संरक्षित तथा स्वायत्त क्षेत्रको विकासको लागि नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्ने तथा थप बजेटको व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था प्रस्तावित गरिएको देखिन्छ। यसलाई संशोधन गरी त्यस्तो *विशेष कार्यक्रम सञ्चालन गर्नै पर्ने गरी व्यवस्था गर्ने ।* | ***विशेष कार्यक्रमको सञ्चालनलाई अनिवार्य नवनाउने हो भने त्यस्तो क्षेत्रको घोषणा गर्नुको उदेश्य हाँसिल गर्न नसकिने भएकाले ।*** |
| ३२. | दफा ८७ | यस दफाअन्तर्गत गाउँपालिका र नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र कानून बनाउने एवं कानुन कार्यान्वयनकालागि आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने व्यवस्था गरेको छ । त्यस्तो कानून, नियम, निर्देशिका तथा मापदण्ड तर्जुमा गर्दा सम्वन्धित समुदाय, नागरिक संघसंस्थाहरुसँग वढिभन्दा वढि *छलफल तथा परामर्श गर्नुपर्ने* गरी मार्गनिर्देशित गर्ने व्यवस्था थप गर्ने । | ***सरोकारवालासँगको छलफल तथा परामर्शमा त्यस्ता नियम तथा निर्देशिका बनाउँदा कार्यान्वियनमा सहजता आउने भएकाले ।*** |
| ३३. | दफा ९५ (२) | स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तो आचारसंहिताले समेट्नुपर्ने विषयहरुमा *लैंगिक, जातियता, अपांगता, स्वास्थ्य अवस्था लगायतका आधारमा हुने भेदभाव तथा सामाजिक वहिष्करण तथा हिंसा तथा अपराधलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रश्रय दिन नहुने कुरालाई पनि समाविष्ट गर्नु उपयूक्त हुने ।* | ***आचारसंहिताले अविभेद तथा समावेशीको पक्षलाई पनि सम्बोधन गर्नु वान्छनिय भएकाले ।*** |